# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत: प्रकाशन

## (Pro-active Disclosure)

## आ.व. २०८२/०८३

(सार्वजनिक गरिएको अवधि:- २०८२।०४।०१-२०८२।०६।३१ सम्म)


**जिल्ला प्रशासन कार्यालय, दार्चुला**

**फोन:- ०९३-४२०१३३**

**E-Mail:- daodarchula@moha.gov.np**

**Web: www.daodarchula.moha.gov.np**

# कार्यालय प्रमुख र सूचना अधिकारी



**अनिल पौडेल**

**प्रमुख जिल्ला अधिकारी**

**सम्पर्क नं. 9858727777**



**मोहन सिंह धामी**

**सहायक प्रमुख जिल्ला अधिकारी**

**(सूचना अधिकारी)**

**सम्पर्क नं. 9848973777**

# विषयवस्तु


१. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृतिः ........ 4

२. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार : ........ 4

३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण : ........ 5

४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा : ........ 5

५. सेवाग्राहीहरुको लागि डिजिटल नागरिक वडा पत्रको सुविधा (Digital Charter System):- ........ **Error! Bookmark not defined.**

६. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधाः- ........ 7

७. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको । ........ 7

८. CCTV Camera:- ........ 8

९. सहायता कक्ष (Help Desk) सञ्चालनः- ........ 9

१०. सबै कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएकोः- ........ 9

११. विधुतिय हाजिरी (E-attendance) सञ्चालनः- ........ 9

१२. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी : ........ 9

१३. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :- ........ 11

१४. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........ 12

१५. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम । ........ 12

१६. सम्पादन गरेको कामको विवरण : (२०८१।१०।०१-२०८१।१२।३१ गतेसम्म) ........ 12

१७. नागरिकता सम्बन्धी विवरणः- ........ 12

१८. मुद्दा सम्बन्धी विवरणः- ........ 13

१९. राहदानी निवेदन दर्ता र वितरण सम्बन्धी विवरणः- ........ 14

२०. राष्ट्रिय परिचय पत्र विवरण दर्ता र वितरण सम्बन्धी विवरण ........ 15

२१. लेखा राजस्व विवरण सम्वन्धी अद्यावधिक विवरण : ........ **Error! Bookmark not defined.**

२२. सूचना अधिकारी र प्रमुखको नाम र पद : ........ 42

२३. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : ........ 42

२४. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण : ........ **Error! Bookmark not defined.**

२५. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण : ........ 43

२६. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरणः- ........ 43

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत:प्रकाशन

**(Pro-active Disclosure)**

(सार्वजनिक गरिएको अवधि:- **२०८२।०४।०१–२०८२।०६।३१)**

## १. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृति:

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## २. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार :

१. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
२. नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
३. MRP राहदानीको फर्म संकलन तथा सिफारिस गर्ने ।
४. नावालक परिचयपत्र जारी गर्ने ।
५. आदिवासी जनजाती, दलित सिफारिस गर्ने ।
६. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन ।
७. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण ।
८. विस्फोटक पदार्थ सिफारिस र नियमन ।
९. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन ।
१०. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन ।
११. गैरसरकारी संघ, संस्था दर्ता, नवीकरण र नियमन ।
१२. स्थानीय प्रशासनको सञ्चालन ।
१३. बाल कल्याण तथा बाल अधिकारको संरक्षण ।
१४. भ्रष्टाचार नियन्त्रण ।
१५. कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम ।
१६. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन ।
१७. चिठ्ठा, जुवा आदिको नियन्त्रण ।
१८. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण ।
१९. विपद् व्यवस्थापन ।
२०. जिल्ला स्तरमा सार्वजनिक उत्सव कार्यक्रम ।

२१. मुआब्जा निर्धारण तथा वितरण ।
२२. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस ।
२३. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने ।
२४. लागू औषध ओसार पसार नियन्त्रण र रोकथाम ।
२५. जिल्ला स्थित कारागारको व्यवस्थापन ।
२६. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन ।
२७. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण ।
२८. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग ।
२९. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण ।
३०. जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग ।
३१. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
३२. अन्तराष्ट्रिय सीमा प्रशासन ।
३३. न्याय सम्पादन सम्बन्धी कार्य ।
३४. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन ।

## ३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण :

**कर्मचारी दरबन्दी:-** २० (कार्यरत १८ जना)

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुब्बा | ४ | २ | १ रिक्त |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | २ | २ | |
| ६ | खरिदार | ४ | ३ | १ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | करार |
| **जम्मा** | | २० | १७ | |

## ४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा :

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा :**

- शान्ति सुव्यवस्थाको माध्यमबाट नागरिकको जीउ धनको सुरक्षा गर्ने ।
- अपराध हुन नदिन एवं अपराध न्यूनिकरणका लागि समुदायस्तर सम्म सचेतिकरणका कार्यक्रम संचालन गर्ने ।
- आम नागरिकलाई मुलुकको संविधान तथा कानून बमोजिम प्राप्त हक अधिकारको निर्वाध प्रयोगको वातावरण बनाउने।
- शान्ति सुरक्षाको कार्यमा सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- सामाजिक विकृति विसंगतिको अन्त्यका लागि सरोकारवालाहरुसंग हातेमालो गरी सभ्य, सदाचारी र सुरक्षित समाजको निर्माणका लागि आवश्यक सबै उपाय अवलम्वन गर्ने ।
- समाजमा शान्ति सुरक्षा कायम गर्न जिल्ला स्थित सवै स्थानीय तह, नागरिक समाज लगायत सवै सरोकारवालाहरुसंग सहकार्य/समन्वय गर्ने ।

- कार्यालयको दैनिक प्रशासन संचालन गर्ने ।
- संघ संस्था दर्ता/नवीकरण, शाखा खोल्ने अनुमति प्रदान, हातहतियार नविकरण, नामसारी, स्वामित्व हस्तान्तरण।
- वहुयात्रा अनुमति पत्र जारी, ताक्लाकोट प्रवेश अनुमति पत्र जारी ।
- विष्फोटक पदार्थ प्रयोग सम्वन्धी इजाजत पत्र जारी ।
- विभिन्न व्यहोरा शिफारिस/प्रमाणित गर्ने ।
- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण एवं व्यवस्थापन गर्ने ।
- निजी सुरक्षा कम्पनीहरुको संचालन अनुमतिका लागि शिफारिस गर्ने ।
- ड्रोन उडान अनुमति प्रदान गर्ने, सि.सि-टि.भी. क्यामेराको अनुगमन गर्ने ।

**ख) राहदानी सम्बन्धी सेवा:**

- राहदानी सम्वन्धी फाराम संकलन गरी विवरण रुजु गर्ने, केन्द्रमा पठाउने ।
- द्रुत सेवाका लागि शिफारिस गरी पठाउने।
- संकलन केन्द्रमा प्राप्त राहदानी वुझी वितरण गर्ने ।
- राहदानीमा कुनै शंसोधन गर्नु परेमा तत्सम्वन्धी कार्य गर्ने।

**ग) नागरिकता सम्बन्धी सेवा:**

- वंशज/वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने ।
- नागरिकताको प्रतिलिपि जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने ।
- घरदैलोमा नै सेवा प्रदान गर्न एकिकृत घुम्ति सेवा शिवीर संचालन गर्ने ।
- नागरिकता सम्बन्धी अभिलेख Digitize गर्ने ।

**घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा:**

- सार्वजनिक शान्ति विरुद्धको कसुर र विशेष ऐनले तोकेका मुद्दाहरुमा शुरु कारवाही र किनारा गर्ने ।
- गुनासो वा ठाडो उजुरी ।

**ङ) हातहतियार इजाजत पत्र तथा नवीकरण सम्बन्धी सेवा:**

- हातहतियार इजाजत पत्र नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।

**च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

**छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा:**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन ।

**ज) विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपद् भएको क्षति विवरण संकलन ।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना ।

**झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:**

➢ अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानबिन र सिफारिस।

**ञ) द्वन्द्ध व्यवस्थापन:**

➢ द्वन्द्ध प्रभावितहरुको अभिलेख व्यवस्थापन ।

➢ द्वन्द्ध प्रभावित (मृतक/वेपत्ता/अंगभंग भई घाईते भएका) हरुलाई राहत वितरण ।

**ट) राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा:-**

➢ राष्ट्रिय परिचय पत्रको विवरण संकलन गरि राष्ट्रिय परिचय पत्र जारी गर्ने ।

**ठ) सुशासन/ सार्वजानिक सेवा प्रवाह सम्बन्धि सेवाहरु:-**


## ५. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:-

सेवाग्राही मैत्री कार्यालय वातावरण निर्माणका लागि कार्यालय परिसर भित्र Free Wi-Fi को व्यवस्था मिलाइएको छ। सेवाग्राहीहरुले आवश्यक रहेका कागजातहरु समेत internet को माध्यमबाट download गरी कार्यालयमा खोजेको समयमा पेश गर्न सजिलो भएको । साथै सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवा समेत प्रयोग गर्ने गरेका छन् ।


## ६. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको ।

कार्यालयको सूचना, समाचार, मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण, वार्षिक प्रकाशन, कार्ययोजना, जानकारीहरु कार्यालयको वेबसाईट www.daodarchula.moha.gov.np, Facebook page: www.facebook.com/ daodarchula, Twitter: @daodarchula, सूचना Moha SMS System मार्फत नियमित रुपमा अद्यावधिक गरि सार्वजनिक गर्ने गरिएको छ । जिल्ला स्थित स्थानीय तहको वेबसाईट समेत कार्यालयको वेबसाईटमा लिङ्क गरि राखिएको साथै नागरिक वडा पत्र समेत कार्यालयको वेवसाईटमा राखिएको छ ।


**जिल्ला प्रशासन कार्यालयको Website:** https://daodarchula.moha.gov.np/



## जिल्ला प्रशासन कार्यालयको Facebook Page: https://www.facebook.com/daodarchula/




## जिल्ला प्रशासन कार्यालयको Twitter Page: https://twitter.com/daodarchula




## ७. CCTV Camera:-

अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउने, CCTV/Camera को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने उद्देश्यका साथै कार्यालयको सुरक्षा प्रयोजनार्थ कार्यालयमा CCTV Camera जडान गरि सञ्चालनमा रहेको छ । सवै फांटहरुमा भएका काम कारवाही र कार्यालयमा आगमन/निर्गमन लगायत अन्य गतिविधिको Monitoring प्रमुख जिल्ला अधिकारीको कार्यकक्षबाट गरिने व्यवस्था मिलाइएको छ । जिल्ला स्थित अन्य सरकारी निकाय, व्यापारिक प्रतिष्ठान, जिल्लाको प्रवेश नाकामा समेत CCTV/Camera जडानमा प्रोत्साहन गरी त्यसको अभिलेख राख्ने र अनुगमन गर्ने गरिएको छ ।

## ८. सहायता कक्ष (Help Desk) सञ्चालनः-

सेवा प्रवाहको विषयमा सेवाग्राहीहरुलाई सहयोग गर्न सहयोग कक्ष (Help Desk) को व्यवस्था गरिएको । नागरिक वडा पत्र पढ्न नजान्ने र सेवा लिन पहिलो पटक कार्यालयमा आउने सेवाग्राहीका लागि सहायता कक्षको माध्यमबाट सेवा लिन सहज भएको पाइएको छ ।


## ९. कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:-

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ र नियमावली २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पादित कृयाकलापका सम्वन्धमा सरोकारवालाहरुलाई सहज ढंगले सूचना उपलव्ध गराउन र सेवाका सम्बन्धमा कुनै उजुरी वा गुनासा भए तत्सम्बन्धमा सम्बोधन गर्न सबै सरकारी निकायहरुमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकी सर्ब साधारणले जानकारी पाउने गरी फोटो र सम्पर्क नं. सहितको विवरण कार्यालयमा टांस्न निर्देशन दिइए बमोजिम सबै कार्यालयहरुले उक्त व्यवस्था गरेका छन ।

## १०. विधुतिय हाजिरी (E-attendance) सञ्चालनः-

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिलाई नियमित एवं नियमन गर्न विद्युतीय हाजिरी प्रणाली (E-Attendance Device) सेट मिति २०७३।०३।२७ देखि जडान गरी नियमित रुपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याइएको छ। यसबाट कर्मचारीको समयपालनामा प्रभावकारिता ल्याएको छ । कोभिड-१९ को संक्रमणको जोखिम उच्च भएको समयमा मेशिनद्वारा हाजिरी लिने काम बन्द भई हाल कोभिड-१९ संक्रमणको दोस्रो लहरको जोखिम न्यूनीकरण भएको हुँदा उक्त मेशिन संचालनमा आई दैनिक हाजिरी लिने गरिएको ।

## ११. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. कक्ष | अनिल पौडेल | प्र.जि.अ. |  | 9858727777 | |
| २ | स.प्र.जि.अ. कक्ष | मोहन सिंह धामी | स.प्र.जि.अ. |  | 9848973777 | |
| ३ | मुद्धा तथा हातहतियार, संघ संस्था दर्ता, पत्र पत्रिका दर्ता फाँट | वासुदेव विष्ट | ना.सु. |  | 9848781051 | स्थायी |
| ४ | विपद् व्यवस्थापन फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| ५ | नागरिकता फाँट | अन्जु चौधरी | ना.सु. | | 9868557710 | स्थायी |

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| ६ | राहदानी/सूचना प्रविधि फाँट | मोहन भट्ट | क.अ. |  | 9848844120 | स्थायी |
| ७ | लेखा फाँट | दिपक सिंह धामी | लेखापाल |  | 9848734000 | स्थायी |
| ८ | नागरिकता फाँट | राम बहादुर गुरुङ्ग | क.अ. |  | 9868684333 | स्थायी |
| ९ | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| १० | राष्ट्रिय परिचय पत्र फाँट | चक्र पन्त | क.अ. |  | 9868797177 | |
| ११ | राष्ट्रिय परिचय पत्र फाँट | असोक भट्ट | क.अ. | | | |
| १२ | नागरिकता फाँट | मिना बम सिंह | स.क.अ. |  | 9848840586 | ज्यालादारी |
| १३ | | महेश भट्ट | ह.स.चा. |  | 9848711444 | सेवा करार |

| कार्यालय सहयोगी | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **नाम थर** | **पद** | **फोटो** | **सम्पर्क नं.** | |
| १४ | उमेश अवस्थी | का.स. |  | 9868352801 | सेवा करार |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | नन्दा देवी भट्ट | का.स. |  | 9848709575 | सेवा करार |
| १६ | पदम सिंह बडाल | का.स. |  | 9749523284 | सेवा करार |
| १७ | रमिता ठेकरे | का.अ. |  | 9868777040 | सेवा करार |
| १८ | सर्जन ओखेडा | का.स. |  | 9848799419 | सेवा करार |

## १२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १५/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. ५,०००/– साधारण<br>रु. १०,०००/–हराएको राहदानी वापत | प्रक्रिया पुगेकै दिन | |
| ५ | राहदानी वितरण, नागरिकता अभिलेख | – | तुरुन्त | |
| ६ | गुनासो वा ठाडो उजुरी | रु. १०/– को टिकट | यथाशीघ्र | |
| ७ | नाम, थर उमेर आदि प्रमाणित | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ८ | संस्था दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| ९ | संस्था नवीकरण | रु. ५००/– | प्रक्रिया पुगेकै दिन | |
| १० | संस्थाको विधान संशोधन | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १२ | दलित, आदिवासी/जनजाती सिफारिस | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १३ | पत्रपत्रिका दर्ता | दैनिक रु. १,०००/–<br>साप्ताहिक रु. ५००/–<br>पाक्षिक रु. ३००/–<br>मासिक रु. २००/– | प्रक्रिया पुगेकै दिन | |
| १४ | छापाखाना दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १५ | हातहतियार नामसारी | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १६ | हा.ह. जिल्ला भित्रको नवीकरण | रु. १००/– | प्रक्रिया पुगेकै दिन | |
| १७ | हा.ह. नेपाल भरिको नवीकरण | रु. ५००/– बारबोर | प्रक्रिया पुगेकै दिन | |

| | | | | |
|---|---|---|---|---|
| १८ | क्षतिपूर्ति एवं राहत वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| १९ | विष्फोटक पदार्थ ईजाजत-पत्र | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| २० | विष्फोटक पदार्थ ईजाजत-पत्र नविकरण | रु. ५०/– | प्रक्रिया पुगेकै दिन | |

## १३. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी:- प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## १४. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम ।

## १५. सम्पादन गरेको कामको विवरण : (२०८२।०४।०१–२०८२।०६।३१ सम्म)

## १६. नागरिकता सम्बन्धी विवरणः-

**मिति २०८२।०४।०१ गते देखि ऐ. असोज २७ गतेसम्मको**

**१. नयाँ नागरिकता वितरण विवरण**

| क्र.सं | जिल्ला | पुरुष | महिला | अन्य | कुल |
|---|---|---|---|---|---|
| 1 | दार्चुला | ९७४ | ४९५ | ० | ९७४ |

**२. प्रतिलिपि नागरिकता वितरण विवरण**

| क्र.सं | जिल्ला | पुरुष | महिला | अन्य | कुल |
|---|---|---|---|---|---|
| 1 | दार्चुला | ७८८ | ६७६ | ० | १४६४ |


**१. नागरिकता विवरण (CIMS Entry):** कार्यालयमा रहेका उतार गर्न सम्भव भएका पुराना नागरिकता अभिलेखका विवरणहरु र नयाँ तथा प्रतिलिपि नागरिकताका विवरणहरु CIMS मा प्रविष्टि गरिएको।

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | **CIMS मा Entry गरिएको नयाँ नागरिकता** | ४००९७ | CIMS लागु भई देखि मिति २०८२।०६।२६ गतेसम्मको विवरण |
| २ | **CIMS मा Entry गरिएको पुरानो नागरिकता** | १०६७८९ | |

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नाबालक परिचय पत्र जारी | ६ (पुः ३, मः ३) | मिति २०८२।०६।२७ गतेसम्मको विवरण |

**केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणाली (CCIMS) को External Moduleमा प्राप्त नागरिकता सिफारिस विवरण**

यस जिल्ला स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुबाट केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणालीको External Module को प्रयोग गरी अनलाइन प्रणाली मार्फत वडा कार्यालयहरुले यस कार्यालयलाई नयाँ नेपाली नागरिकता प्रमाणपत्र जारी गर्न सिफारिस गर्ने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्थित स्थानीय तहका प्रमुख/उपप्रमुखज्यू र प्रमुख प्रशासकीय अधिकृतज्यूहरुको उपस्थितिमा मिति २०८१।०४।३० गते बसेको बैठकले दार्चुलाका नौं वटै स्थानीय तहका ***कुल जम्मा ६१ मध्ये ४६ वटा वडा कार्यालयहरुमा CCIMS को External Module प्रयोग गर्ने गरि निर्णय भएकोमा मिति २०८२।०६।२३ गतेसम्ममा जम्मा ३७ वटा वडा कार्यालयहरुबाट जम्मा २०६४ वटा अनलाईन सिफारिसहरु प्राप्त भई नयाँ नागरिकताहरु जारी भएको*** ।




## ३. CCIMS मा नागरिकता अभिलेख Digitalization सम्बन्धमा:-

कार्यालयमा रहेका उतार गर्न सम्भव भएका पुराना नागरिकता अभिलेखका विवरणहरु र नयाँ तथा प्रतिलिपि नागरिकताका विवरणहरु CIMS मा प्रविष्टि गरिएको।

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | **CIMS मा Entry गरिएको नयाँ नागरिकता** | ४००९७ | CIMS लागु भई देखि मिति २०८२।०६।२६ गतेसम्मको विवरण |
| २ | **CIMS मा Entry गरिएको पुरानो नागरिकता** | १०६७८९ | |

## ४. नाबालक परिचय पत्र वितरण:-

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नाबालक परिचय पत्र जारी | ६ (पु: ३, म: ३) | मिति २०८२।०६।२७ गतेसम्मको विवरण |

## १७. मुद्दा सम्बन्धी विवरण:-

मुलुकी फौजदारी कार्यविधि (संहिता), ऐन, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र रही दायर हुन आएका यस कार्यालयमा दर्ता भएका देहाय बमोजिमका जिम्मेवारी सरी आएका र चालु आ.व.मा दर्ता भएका जम्मा मुद्दाहरुको कार्य प्रगति विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

आ.व. २०८१/०८२ बाट जिम्मेवारी सरी आएका मुद्दाहरु :-

| क्र.सं. | मुद्दाको विवरण | जिम्मेवारी सरी आएका मुद्दाहरु | फछ्र्यौट | फछ्र्यौट % | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गर्न नहुने मुद्दा | ५ | - | - | ५ | |
| २ | जुवा खेल्न नहुने मुद्दा | - | - | - | - | |
| ३ | सवारी अंगभंग क्षतिपुर्ति मुद्दा | १ | - | - | १ | |
| | **जम्मा** | ६ | - | - | ६ | मिति २०८२।०६।२४ गतेसम्म |

गत आ.व. २०८१/२०८२ मा सरि आएका र चालु आ.व. २०८२।०८३ मा दर्ता भएका कुल जम्मा मुद्दाहरु

| क्र.सं. | मुद्दाको विवरण | दर्ता भएका | फछ्र्यौट | फछ्र्यौट % | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गर्न नहुने मुद्दा | ९ | - | - | ९ | |
| २ | जुवा खेल्न नहुने | - | - | - | - | |
| ३ | सवारी ज्यान क्षतिपुर्ति सम्बन्धी | २ | - | - | २ | |
| ४ | सवारी अंगभंग क्षतिपुर्ति सम्बन्धी | १ | - | - | १ | |
| | **जम्मा** | १२ | - | - | १२ | मिति २०८२।०६।२४ गतेसम्म |

## १८. राहदानी निवेदन दर्ता र वितरण सम्बन्धी विवरणः-

| सि.नं. | विवरण | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | राहदानी जारी | - | - | २५६ | मिति २०८२।०४।०१ गते देखि मिति २०८२।०६।२४ गतेसम्म |
| २ | राहदानी वितरण | - | - | २३९ | |

**जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट पछिल्लो ३ आर्थिक वर्षको राहदानी सिफारिस र वितरणको अवस्था**

| सि.नं. | आ.व. | सिफारिस | प्राप्त | वितरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८/०७९ | ११४७ | ५०६ | ५०० | ६४१ जना द्रुत सेवामार्फत राहदानी विभाग सिफारिस गरिएको |
| २ | २०७९/०८० | ११९५ | ११९५ | ११२६ | - |
| ३ | २०८०/०८१ | १७२० | १६७५ | १५८८ | - |

| | जम्मा | ४०६२ | ३३७६ | ३२१४ | |
|---|---|---|---|---|---|

**आ.व. २०८१/०८२ को असार मसान्त सम्म जिल्ला प्रशासन कार्यालयबाट नँया राहदानी सिफारिस र प्राप्त राहदानी वितरण सम्बन्धी विवरण**

**विद्युतीय राहदानी दर्ता** — १३३८

**वितरण** — १२६४

## १९. राष्ट्रिय परिचय पत्र विवरण दर्ता र वितरण सम्बन्धी विवरण

यस कार्यालय मातहत रहेको राष्ट्रिय परिचय पत्र विवरण दर्ता स्टेशन-२ बाट विवरण संकलन गरिएका राष्ट्रिय परिचयपत्रको विवरणहरु मध्ये राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट छपाई भएका राष्ट्रिय परिचयपत्र कार्डहरु (NID Card) ऐ. विभागको पत्र संख्या, च.नं. ५७४ मिति २०८०।०८।०८ गतेको पत्रबाट मिति २०८०।०८।१३ गतेमा यस कार्यालयमा ***कुल जम्मा कार्डहरु १७१४२ (सत्र हजार एकसय बयालिस मात्र)*** प्राप्त भएको।

कार्ड वितरण गर्ने सम्बन्धमा सेवाग्राहीहरुको मोबाईल नं.मा SMS मार्फत जानकारी प्राप्त हुने, तयारी भई आएका कार्डहरुको सूची विवरण एवं सूचना कार्यालयको वेभसाईट, सामाजिक सञ्जालमा राख्ने गरिएको। यस कार्यालयको च.नं. ४१६, मिति २०८१।०५।२८ गतेको पत्रबाट उक्त कार्डहरुको वितरण गर्ने प्रकृयालाई अझै प्रभावकारी बनाउन स्थानीय तहहरुको सहयोगमा बाँकी रहेका कार्डहरुलाई स्थानीय तहमा नै गई वितरण गर्नका ***लागि Card Reader-२ थान र USB Hub Device-२ थान उपकरणहरु माग गरिएकोमा*** विभागबाट उक्त कार्ड रिडर-१ थान उपकरणहरु प्राप्त भएको ।

उक्त NID Card हरुलाई यस जिल्ला स्थित स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुमा समेत गई ***वितरण गर्ने कार्य गरिएको*** व्यहोरा जानकारीका लागि अनुरोध छ । यस कार्यालयमा प्राप्त भएका राष्ट्रिय परिचयपत्र कार्डहरु तपशिल बमोजिम वितरण गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपशिल**

| सि.नं. | आ.व. २०८२/०८३ श्रावणदेखि असोज २७ गतेसम्म (त्रैमासिक रुपमा) | | | कैफियत |
|---|---|---|---|---|
| | संकलन गरिएको राष्ट्रिय परिचयपत्रहरु | वितरण गरिएका कार्डहरु | | |
| | | संख्या | प्रतिशत % | |
| १ | २३१९ | ३४७ | ३८.५५% | मिति २०८२।०६।२७ गतेसम्मको विवरण (दैनिक औषत वितरण संख्या १० का दरले जम्मा वितरण ९०० गर्न सक्ने अनुसार % मापन गरिएको ) |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎०९३-४२०१३३
☎०९३-४२००१७
☎०९३-४२०२१४
email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np

प.सं. २०८२।०८३ (प्रशासन फाँट) खलंगा, दार्चुला

मितिः२०८२।०४।१८

**विषयः लेकम गाउँपालिकामा घुम्ती सेवा शिविर सफलतापूर्वक सम्पन्न भएको सम्बन्धमा ।**

नागरिकलाई सहज र सरल रूपमा घरदैलोमै प्रशासनिक सेवा प्रदान गर्ने नेपाल सरकारको नीति कार्यान्वयन गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, दार्चुलाको आयोजना तथा लेकम गाउँपालिकासँगको समन्वयमा लेकम गाउँपालिकाका विभिन्न वडाहरूमा मिति २०८२ **साल साउन १२ गतेदेखि १७ गतेसम्म** (जम्मा छ दिन) घुम्ती सेवा शिविर सफलतापूर्वक सञ्चालन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।

विशेष गरी ज्येष्ठ नागरिक, अशक्त, असहाय र एकल महिला/पुरुषहरूलाई लक्षित गरी सञ्चालन गरिएको उक्त शिविर सहायक प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा खटिएको टोलीद्वारा सम्पन्न भएको थियो । शिविरबाट प्रवाह भएका सेवाहरूको विस्तृत विवरण तपसिल बमोजिम रहेको छः

तपसिल

**१) नागरिकता प्रमाणपत्र प्रतिलिपि वितरणः**

* पुरुषः ५९ जना * महिलाः ८२ जना * **जम्माः १४१ जना**

२) राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ताः-

* पुरुषः ७२ जना * महिलाः १२५ जना * **जम्माः १९७ जना**

**मोहन सिंह धामी**
सहायक प्रमुख जिल्ला अधिकारी
स.प्रमुख जिल्ला अधिकारी

यस शिविरको मुख्य उपलब्धि स्वरूप, शारीरिक अशक्तताका कारण प्रशासन कार्यालयसम्म आउन नसक्ने **लेकम गाउँपालिका वडा नं. ६ का ९७ वर्षीय जयानन्द नाथ र ऐ. वडा नं. १ की ९६ वर्षीया परूली देवी बोहरालाई** उहाँहरूकै निवासमा पुगेर नागरिकताको प्रतिलिपि हस्तान्तरण गरिएको थियो ।

यस महत्वपूर्ण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनुहुने लेकम गाउँपालिका परिवार, स्थानीय जनप्रतिनिधिहरू, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा शिविरमा उत्साहपूर्वक सहभागी भई सेवा ग्रहण गर्नुहुने सम्पूर्ण सेवाग्राही नागरिकहरूमा जिल्ला प्रशासन कार्यालय, दार्चुला हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

आगामी दिनहरूमा समेत यस्ता सेवामूलक कार्यक्रमहरूलाई निरन्तरता दिँदै नागरिकलाई घरदैलोमै सुशासनको प्रत्याभूति दिलाउन हामी प्रतिबद्ध रहेको व्यहोरा समेत अनुरोध छ ।

**Twitter:** @daodarchula, **Facebook:** daodarchula


जेष्ठ नागरिक तथा अशक्त(अपाँङ्ग)हरुका लागि
नागरिकता प्रतिलिपी तथा राष्ट्रिय परिचयपत्र दर्ता सम्बन्धी
शिविर
FIRST NID CARD REQUEST WITHOUT NIN
Place the four fingers of the right hand on the platen
IDEMIA






रेकर्ड फाईल







नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎०९३-४२०१३३
☎०९३-४२००१७
☎०९३-४२०२१४
email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np

खलंगा, दार्चुला

प.सं. २०८१।०८२
च.नं. ४१६

(राष्ट्रिय परिचयपत्र फाँट)

मितिः२०८१।०५।२८

विषयः- उपकरण उपलब्ध गराई दिने सम्बन्धमा ।

श्री राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र विवरण दर्ता इकाईबाट विवरण दर्ता गरिएको व्यक्तिहरुको विभागबाट प्राप्त कार्डहरुलाई नियमित रुपमा यस कार्यालयबाट वितरण गरिदै आएको छ । उक्त कार्डहरुको वितरण गर्ने प्रकृयालाई अझै प्रभावकारी बनाउन स्थानीयतहरुको सहयोगमा बाँकी रहेका कार्डहरुलाई स्थानीय तहमा नै गई वितरण गर्नेका लागि तपशिल बमोजिमका उपकरणहरु आवश्यक रहेकोले उपलब्ध गराई दिन हुन अनुरोध छ ।

तपशिल

| सि.नं. | उपकरणको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | Card Reader | २ थान | |
| २ | USB Hub Device | २ थान | |

५।२८

यज्ञ राज जोशी
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

Twitter: @daodarchula, Facebook: daodarchula

Scanned with CamScanner

टेलिफोनः ४२११५६१, ४२६४६८६
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४
टोल फ्रि नं.: १६६००१९६६६६

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्याः ०८०/८१
च.नं. ५८४

मितिः २०८०।०८।०८

विषयः राष्ट्रिय परिचयपत्र (कार्ड) पठाईएको सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,

दार्चुला।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट संकलन गरिएका राष्ट्रिय परिचयपत्रको विवरणहरु मध्ये छपाई भएका राष्ट्रिय परिचयपत्र (कार्ड) हरु तपसिल बमोजिमको Box Number मा राखी यस विभागका क.ई. श्री सरस्वति तिमसिना हस्ते पठाइएको व्यहोरा अनुरोध छ। विवरण बमोजिमका कार्डहरु प्राप्त भए पश्चात विभागलाई सो को जानकारी गराउनुहुन साथै उक्त कार्डहरु सम्बन्धित व्यक्तिहरूलाई तहाँ कार्यालयमा रहेको परिचयपत्र ईकाइबाट जारी गर्नुहुन अनुरोध छ।

तपसिल

| S.No. | BOX NUMBER | DISTRICT NAME | TOTAL NUMBER OF CARDS |
|---|---|---|---|
| 1 | DAO0004257 | DARCHULA | 1000 |
| 2 | DAO0004277 | DARCHULA | 250 |
| 3 | DAO0004279 | DARCHULA | 353 |
| 4 | DAO0004298 | DARCHULA | 500 |
| 5 | DAO0004318 | DARCHULA | 1000 |
| 6 | DAO0004321 | DARCHULA | 500 |
| 7 | DAO0004331 | DARCHULA | 500 |
| 8 | DAO0004341 | DARCHULA | 500 |
| 9 | DAO0004348 | DARCHULA | 250 |
| 10 | DAO0004350 | DARCHULA | 1000 |
| 11 | DAO0004353 | DARCHULA | 1000 |
| 12 | DAO0004371 | DARCHULA | 1000 |
| 13 | DAO0004373 | DARCHULA | 250 |
| 14 | DAO0004484 | DARCHULA | 500 |
| 15 | DAO0004485 | DARCHULA | 1000 |
| 16 | DAO0004511 | DARCHULA | 1000 |
| 17 | DAO0004522 | DARCHULA | 500 |
| 18 | DAO0004543 | DARCHULA | 500 |
| 19 | DAO0004546 | DARCHULA | 500 |
| 20 | DAO0004549 | DARCHULA | 500 |
| 21 | DAO0004558 | DARCHULA | 1000 |
| 22 | DAO0004562 | DARCHULA | 1000 |
| 23 | DAO0004592 | DARCHULA | 500 |

श्री रा०प० शाखा
कार्ड वितरण गर्नका
लागि क० अ० श्री
मोहन भट्टको
सहयोगमा वितरण
गर्ने

टेलिफोनः ४२११५६१, ४२६४६८६
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४
टोल फ्रि नं.: १६६००१९६६६६

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

| | | | |
|---|---|---|---|
| 24 | DAO0004607 | DARCHULA | 500 |
| 25 | DAO0004629 | DARCHULA | 500 |
| 26 | DAO0000850 | DARCHULA | 250 |
| 27 | DAO0000852 | DARCHULA | 250 |
| 28 | DAO0001562 | DARCHULA | 289 |
| 29 | DAO0001275 | DARCHULA | 250 |
| **TOTAL** | | | **17142** |

प्रमिला रिजाल

शाखा अधिकृत

## स्थानीय तहमा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन

जिल्ला प्रशासन कार्यालयको समन्वय तथा सहजीकरणमा जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपाल नं. ४४ गण हे.क्वा. दार्चुलाले यस जिल्ला स्थित स्थानीय तह अन्तर्गतका विद्यालयका विद्यार्थीहरु, टोल टोलमा स्थानीयहरुलाई शान्ति सुरक्षा, अपराध न्यूनीकरण सम्बन्धि तपशिल बमोजिमका सचेतनामूलक कार्यक्रम सम्पन्न गर्नु भएको छ। लागु औषधको सेवन, ओसारपसार तथा बिक्रीवितरणलाई निरुत्साहित गर्न विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ भने विशेष सूचनाको आधारमा शंकास्पद स्थानहरूमा निगरानी बढाइएको छ। "समुदाय-प्रहरी साझेदारी" कार्यक्रम अन्तर्गत स्थानीय तह, विद्यालय र समुदायसँगको सहकार्यमा घरेलु हिंसा, साइबर अपराध, ट्राफिक नियम, सामाजिक विकृति र लागु औषध दुर्व्यसन विरुद्ध जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट जम्मा २१९ वटा सचेतना कार्यक्रमहरू आयोजना गरिएका छन्।

## बजार अनुगमन सम्बन्धी विवरण

जिल्ला प्रशासन कार्यालय, दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहन सिंह धामीको नेतृत्वमा यस कार्यालयको नियमित बजार अनुगमन कार्यक्रम अन्तर्गत मिति २०८२/०५/१० गतेमा अपिहिमाल गाउँपालिका वडा नं. ५ मकरीगाड बजरा क्षेत्रका होटल तथा किराना पसलहरुमा छड्के अनुगमन सम्पन्न गरियो। सरसफाईको मापदण्ड पूरा नगर्ने, इजाजत बिना सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्ने, र मूल्यसूची, साइन बोर्ड तथा बिल बीजक नराख्ने पसलहरूलाई तोकिएको मापदण्डको पूर्ण पालना गर्न निर्देशन दिँदै उपभोक्ताको हकहित संरक्षण तथा बिक्रेताको दायित्वबारे सचेत गराइएको व्यहोरा जानकारी लागि सादर अनुरोध छ ।

**तपसिल**

| सि.नं. | स्थानीय तह/बजार क्षेत्र | अनुगमन गरिएको मिति | अनुगमन गरिएका पसलहरु | जफत/नष्ट गरिएको सामग्री तथा अंदाजी मुल्य | जरिवाना | निर्देशन गरिएको विषय |
|---|---|---|---|---|---|---|
| १ | अपिहिमाल गा.पा. वडा नं. ५ मकरिगाड बजार क्षेत्र | २०८२।०५।२० | होटल तथा किराना पसलहरु | - | - | पसलहरुमा सरसफाईको मापदण्ड पुरा नगर्ने, इजाजत बिना सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्ने, मुल्यसूची, साईन बोर्ड, वील बिजक नराख्ने पसलहरुलाई मापदण्ड पालना गर्न निर्देशनका साथै उपभोक्ता हक हित संरक्षण तथा विक्रीकर्ताको दायित्व बारे सचेत गराईएको । |

# बजार अनुगमन गरिएका तस्वीरहरु









यस कार्यालयको नियमित बजार अनुगमन कार्यक्रम अन्तर्गत महाकाली नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, सुरक्षा निकाय र स्थानीय पत्रकार सम्मिलित संयुक्त अनुगमन टोलीद्वारा मिति २०८२/०६/१० मा महाकाली नगरपालिका वडा नं. ४, खलंगा बजार क्षेत्रका २४ वटा किराना पसल, होटल, मासु पसल, मिठाई पसल र थोक तथा खुद्रा पसलहरुमा छड्के अनुगमन सम्पन्न गरियो । अनुगमनका क्रममा मापदण्ड विपरीतका रु. १०४४/- (एक हजार चौवालिस) बराबरको सामग्री जफत गरी नष्ट गरिएको । साथै, सरसफाईको मापदण्ड पूरा नगर्ने, इजाजत बिना सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्ने, र मूल्यसूची, साइन बोर्ड तथा बिल बीजक नराख्ने पसलहरूलाई तोकिएको मापदण्डको पूर्ण पालना गर्न निर्देशन दिँदै उपभोक्ताको हकहित संरक्षण तथा बिक्रेताको दायित्वबारे सचेत गराइएको ।

**तपसिल**

| सि.नं. | स्थानीय तह/बजार क्षेत्र | अनुगमन गरिएको मिति | अनुगमन गरिएका पसलहरु | जफत/नष्ट गरिएको सामग्री तथा अंदाजी मुल्य | जरिवाना | निर्देशन गरिएको विषय |
|---|---|---|---|---|---|---|
| १ | महाकाली न.पा. वडा नं. ४ खलंगा बजार क्षेत्र | २०८२।०६।१० | २४ वटा पसलहरु | रु. १०४४/- (एक हजार चौवालिस) | - | पसलहरुमा सरसफाईको मापदण्ड पुरा नगर्ने, इजाजत बिना सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्ने, मुल्यसूची, साईन बोर्ड, वील बिजक नराख्ने पसलहरुलाई मापदण्ड पालना गर्न निर्देशनका साथै उपभोक्ता हक हित संरक्षण तथा विक्रीकर्ताको दायित्व बारे सचेत गराईएको । |
| **जम्मा** | | | **२४ वटा पसलहरु** | | | |

<u>बजार अनुगमन गरिएका तस्वीरहरु</u>







## सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण कार्यक्रम सम्बन्धी विवरण

जिल्ला प्रशासन कार्यालय, दार्चुलाको सक्रिय अगुवाइमा, मिति २०८२ साल आश्विन २१ गतेका दिन महाकाली नगरपालिका वडा नं. ९ सकारमा एक महत्वपूर्ण कार्यक्रम सम्पन्न भएको छ । श्रीमान् प्रमुख जिल्ला अधिकारी

श्री अनिल पौडेलज्यूको प्रमुख आतिथ्यता र स्थानीय जनचेतनाशील युवा क्लवका अध्यक्ष श्री धिरेन्द्र सिह धामीको अध्यक्षतामा आयोजित उक्त आमभेलामा, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, प्रदेश कार्यालयका कर्मचारी, र स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो। विशेषतः स्थानीय युवा तथा गाउँवासीहरुलाई लक्षित गरी लागु औषध नियन्त्रण तथा न्यूनीकरणको उद्देश्यले आयोजना गरिएको यो समन्वयात्मक तथा सचेतनामूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको व्यहोरा यस प्रतिवेदनमार्फत सादर जानकारी गराइन्छ, जसको विस्तृत विवरण तपशिलमा प्रस्तुत गरिएको छ ।

**तपशिल**

१. कार्यक्रमको नामः लागु औषध नियन्त्रण तथा न्युनीकरण सम्बन्धमा समन्वयात्मक तथा सचेतनामूलक कार्यक्रम ।

**२. मिति, समय र स्थानः**

- **मितिः** २०८२ साल आश्विन २२ गते ।
- **समयः** बिहान ९:०० बजे ।
- **स्थानः** महाकाली नगरपालिका वडा नं. ९, सकार, दार्चुला ।

**३. कार्यक्रमको स्वरूपः** स्थानीय युवा तथा गाउँवासीहरु सहितको आमभेला ।

**४. अध्यक्षता तथा प्रमुख आतिथ्यताः**

- **अध्यक्षः** श्री धिरेन्द्र सिह धामी, अध्यक्ष, जनचेतनाशील युवा क्लव ।
- **प्रमुख अतिथिः** श्री अनिल पौडेल, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दार्चुला ।

**५. मुख्य सहभागीहरुः** कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, प्रदेश कार्यालयका कर्मचारी तथा स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । उपस्थित केही मुख्य व्यक्तित्वहरु देहाय बमोजिम हुनुहुन्थ्योः

- श्री दुर्गा कुमारी खत्री (विष्ट), उप-प्रमुख, महाँकाली नगरपालिका ।
- श्री देवराज जोशी, सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल नं. ४४ गण हे.क्वा. ।
- श्री गौरव महत, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय ।
- श्री गोविन्द प्रसाद पाण्डेय, प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय।
- श्री रामचन्द्र ओझा, कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय ।
- श्री प्रतापसिंह धामी, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, दार्चुला ।
- श्री गजेन्द्र सिंह कार्की, वडा अध्यक्ष, महाकाली नगरपालिका वडा नं. ९ ।

लागु औषध दुर्व्यसन विरुद्ध जनचेतना फैलाउने र नियन्त्रणका लागि सरोकारवाला निकायहरुबीच समन्वय कायम गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो ।

## कार्यक्रमका लिएका तस्विरहरु











<u>युवा लक्षित सचेतनामूलक कार्यक्रम सम्बन्धी विवरण</u>

उपरोक्त सम्बन्धमा, जिल्ला प्रशासन कार्यालय, दार्चुलाको आयोजनामा स्थानीय युवा तथा सरोकारवालाहरुको सहभागितामा लागु औषध नियन्त्रण तथा यसको न्यूनीकरणका लागि एक दिवसीय युवा लक्षित सचेतनामूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको व्यहोरा अवगत गराइन्छ। कार्यक्रम सम्बन्धी विस्तृत विवरण तपशिल बमोजिम रहेको छ।

**<u>तपशिल</u>**

१. कार्यक्रमको नामः लागु औषध नियन्त्रण तथा न्युनीकरण सम्बन्धी युवा लक्षित सचेतनामूलक कार्यक्रम ।

**२. मिति र स्थानः**

- **मितिः** २०८२ साल आश्विन २२ गते ।
- **स्थानः** जिल्ला दार्चुला, महाकाली नगरपालिका वडा नं. ९, सकार ।

**३. कार्यक्रमको अध्यक्षता तथा प्रमुख आतिथ्यताः**

- **अध्यक्षः** श्री धिरेन्द्र सिह धामी, अध्यक्ष, स्थानीय जनचेतनाशील युवा क्लव ।
- **प्रमुख अतिथिः** श्री अनिल पौडेल, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, दार्चुला।

**४. सहभागीहरुः** कार्यक्रममा स्थानीय युवा तथा गाउँवासीहरुको उल्लेख्य उपस्थिति रहेको थियो। यसका साथै, देहाय बमोजिमका जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु र जनप्रतिनिधिहरुको समेत सहभागिता रहेको थियोः

- श्री दुर्गा कुमारी खत्री (विष्ट), उप-प्रमुख, महाकाली नगरपालिका ।
- श्री देवराज जोशी, सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी वल नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला ।
- श्री गौरव महत, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय दार्चुला ।
- श्री गोविन्द प्रसाद पाण्डेय, प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय दार्चुला ।
- श्री रामचन्द्र ओझा, कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय दार्चुला ।
- श्री प्रताप सिंह धामी, शिक्षा विकास तथा समन्वय प्रमुख, दार्चुला
- श्री गजेन्द्र सिंह कार्की, वडा अध्यक्ष, महाकाली नगरपालिका वडा नं. ९ ।

**५. कार्यक्रमको उद्देश्यः**

विशेष गरी युवा वर्गलाई लागु औषधको दुर्व्यसनबाट बचाउन, यसका असरहरुबारे सचेत गराउन र लागु औषध नियन्त्रण तथा न्यूनीकरणमा युवाहरुको भूमिकालाई प्रभावकारी बनाउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो। आमभेलाका रुपमा आयोजना गरिएको उक्त सचेतनामूलक कार्यक्रम भव्यताका साथ सु-सम्पन्न भयो । कार्यक्रमले स्थानीय स्तरमा लागु औषध विरुद्ध जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

**कार्यक्रमका लिएका तस्विरहरु**


युवा लक्षित सचेतना तथा लागु औषध
नियन्त्रण सम्बन्धी कार्यक्रम
मिति: २०८२।०६।२२ गते
स्थान: महाकाली न.पा. वडा नं. ९, दार्चुला
समय: बिहान १०:०० बजेदेखि


समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
युवा लक्षित सचेतना तथा लागु औषध
नियन्त्रण सम्बन्धी कार्यक्रम




समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
युवा लक्षित सचेतना तथा लागु औषध
नियन्त्रण सम्बन्धी कार्यक्रम


सरस्वती
डि.जे
दल



# विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायत क्रयाकलापको व्यवहारिक अभ्यास संचालन सम्बन्धी विवरणः-

जिल्ला प्रशासन कार्यालय, दार्चुलाको आयोजनमा जिल्ला स्थित सुरक्षा निकाय सशस्त्र प्रहरी वल नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला र जिल्ला प्रहरी कार्यालय दार्चुलाको प्राविधिक सहयोग तथा महाकाली नगरपालिका ४ नं. वडा कार्यालय दार्चुलाबाट भएको व्यवस्थापन अनुसार मिति २०८२।०६।२३ गतेका दिन दार्चुला जिल्लाको महाकाली नगरपालिका वडा नं. ४ सदरमुकाम स्थित चौबाटोको संगम स्थान रिंगनेताल क्षेत्रमा विपद्को समयमा उद्धार तथा सहजिकरणको व्यवहारिक अभ्यास संचालन (Simulation For Kitchen Fire) सम्बन्धी ग्याँस सिलिन्डरबाट हुने आगलागि नियन्त्रण र Fire Extingusher बाट आगलागि नियन्त्रण गर्ने विभिन्न विधिहरुको जिल्ला स्थित सशस्त्र प्रहरी वल नेपाल, जिल्ला प्रहरी कार्यालय दार्चुला तथा महाकाली नगरपालिकाका नगर प्रहरी समेतको संयुक्त टोलिबाट जनसहभागिता जुटाई व्यवहारिक अभ्यास सञ्चालनको प्रदर्शनी कार्यक्रम सु-सम्पन्न गरियो ।

२०८२।६।२३

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला


Simulation for Kitchen Fire
Shot with my Galaxy A03s


पृथ्वी चौक दार्चुला
विपद्को समयमा उद्धार, सहजीकरणको व्यवहारिक अभ्यास संचालन
Simulation for Kitchen Fire
ग्यांस सिलिण्डरको आगलागि नियन्त्रण र
Fire extinguisher को प्रयोग विधि
आयोजक
जिल्ला प्रशासन कार्यालय दार्चुला
समुदाय-प्रहरी साझेदारी
Community-Police Partnership
नेपाल प्रहरी
Shot with my Galaxy A03s


Shot with my Galaxy A03s


Shot with my Galaxy A03s


Simulation for Kitchen Fire
Shot with my Galaxy A03s


Simulation for Kitchen Fire
Fire extinguisher को प्रयोग विधि
M. S. KHATI
Shot with my Galaxy A03s




## २०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

**क) कार्यालय प्रमुख :**

- **नाम:** अनिल पौडेल
- **पद:** प्रमुख जिल्ला अधिकारी

**ख) सूचना अधिकारी :**

- नाम: मोहन सिंह धामी
- पद: सहायक प्रमुख जिल्ला अधिकारी

## २१. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- विवाह दर्ता नियमावली, २०२८
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला स्तरीय विभिन्न कार्ययोजनाहरु

## २२. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

- स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसंग नियमित रुपमा भेटघाट, अन्तर्क्रिया हुने गरेको ।
- सूचनाका लागि कार्यालयमा कुनै निवेदन प्राप्त नभएको ।

## २३. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:-

**१. अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

**२. सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण ।**

**Website:-** www.daodarchula.moha.gov.np

- सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।
- सार्वजनिक निकायले वर्गिकरण तथा संचालन गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।
- **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-** लिखित रुपमा सूचना माग नभएको ।

**३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरण ।**

यस कार्यालयका सार्वजनिक गर्नु पर्ने सम्पूर्ण सूचनाहरु यस कार्यालयको Website, Facebook Page र Twitter मार्फत उपलब्ध गराईएका छन् ।

**Website:-** www.daodarchula.moha.gov.np

**Facebook Page:-** www.facebook.com/daodarchula

**Twitter account:**- @daodarchula